सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

नव वर्ष २०८३ को शुभकामना



नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

CNI Madhesh Province

सि.ए. प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

♦ वर्ष ९ ♦ अंक २२७ ♦ २०८३ साल वैशाख १० विहिवार ♦ 23 April 2026 पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# बर्दिवास साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आन्तरिक विवादले जन्माएको गम्भीर बहस

अजयकुमार साह

**वैशाख ९ गते, बर्दिवास**




महोत्तरीको बर्दिवासस्थित बर्दिवास साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आन्तरिक विवाद अब छताछुल्ल भएको छ ।

बर्दिवासस्थित खानेपानी संस्थामा पछिल्लो समय देखिएको अनियमितता, कानुनी जटिलता र आन्तरिक विवादले स्थानीयस्तरमा गम्भीर बहस जन्माएको छ। उपभोक्ताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको सेवा प्रदायक संस्था नै प्रश्नको घेरामा परेपछि पारदर्शिता र जवाफदेहिताको माग चौतर्फी उठेको छ।

संस्थाको सञ्चालन विधानमै केन्द्रित विवादले अवस्था झन् पेचिलो बनाएको छ। २०५७ सालमा जारी भई २०६३ मा संशोधन गरिएको विधानअनुसार सञ्चालन हुनुपर्ने संस्थामा निर्वाचित पदाधिकारीहरूले सुरुदेखि नै नियम पालना नगरेको आरोप लागेको छ। निर्वाचित भएको केही महिनामै कोषाध्यक्षलाई जिम्मेवारीबाट अलग राख्दै सदस्यलाई हस्ताक्षर अधिकार दिइएको घटनाले संस्थाभित्रको शक्ति संघर्ष सतहमा ल्याएको थियो।

पछिल्ला महिनामा संस्थाले २०८० सालमा संशोधित विधानअनुसार काम गरिरहेको दाबी गरे पनि त्यो संशोधन नै वैधानिक नभएको ठहर जिल्ला प्रशासन कार्यालय महोत्तरीले गरिसकेको छ। प्रशासनले २०८१ भदौ ११ गते स्पष्ट निर्देशन दिँदै २०६३ कै विधानअनुसार काम गर्न भनेको थियो। तर उक्त निर्देशन कार्यान्वयनमा नआएको आरोपले नियामक निकायको प्रभावकारितामाथि नै प्रश्न उठाएको छ।

२०६३ को विधानअनुसार कोषाध्यक्षको हस्ताक्षरबिना आर्थिक कारोबार गर्न नमिल्ने स्पष्ट व्यवस्था हुँदाहुँदै अध्यक्ष भुलन सेनले सदस्यको हस्ताक्षर बाट कोष सञ्चालन गरिरहेको आरोप लागेको छ। यसले संस्थाका सम्पूर्ण आर्थिक गतिविधिलाई अवैधानिक बनाउने जोखिम देखिएको छ। तर पनि सोही अभ्यास निरन्तर रहनुले 'कसको संरक्षणमा यस्तो भइरहेको छ?' भन्ने प्रश्न स्थानीयस्तरमा उठ्न थालेको छ।

करिब ६ हजार उपभोक्ता आबद्ध रहेको संस्थाबाट मासिक १५ देखि २० लाख रुपैयाँसम्म संकलन हुने बताइन्छ। तर उक्त रकमको प्रयोग पारदर्शी नभएको भन्दै उपभोक्ताहरूमा आशंका बढ्दो छ। हालसम्म करिब ४ करोड ५० लाख रुपैयाँ बराबरको अनियमितता भएको अनुमान सार्वजनिक भएको छ, जसले विषयलाई झन् संवेदनशील बनाएको छ।

विवादको अर्को केन्द्रीय बिन्दु २०८० चैत २७ मा सम्पन्न भनिएको विशेष साधारणसभा हो। विधानअनुसार एकचौथाइ सदस्यको लिखित मागमा मात्र यस्तो सभा बोलाउन पाइने व्यवस्था रहे पनि १५२ जनाको हस्ताक्षरका आधारमा सभा गरिएको दाबी गरिएको छ। त्यही सभाबाट कोषाध्यक्ष र सचिवको अधिकार निष्क्रिय पार्ने निर्णय गरिएको भनाइ छ।

यस निर्णयविरुद्ध कोषाध्यक्ष भोजप्रसाद फुयाल र सचिव विष्णु भण्डारीले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए। प्रशासनको छानबिनपछि उक्त सभा फर्जी ठहरिँदै संशोधित विधान खारेज गरिएको थियो। यसले संस्थाभित्रको विवादलाई औपचारिक रूपमा बाहिर ल्याएको छ।

अध्यक्ष सेनमाथि आफन्तलाई नियुक्ति दिएको आरोपसमेत लागिरहेको छ। यसअघि आयोजना गरिएको साधारणसभामा उपभोक्ताहरूले अनियमितताविरुद्ध कडा विरोध जनाएपछि सभा नै स्थगित हुन पुगेको थियो। सोही अवसरमा सचिव र कोषाध्यक्षले सार्वजनिक रूपमा भ्रष्टाचार भएको दाबी सहित प्रतिवेदन प्रस्तुत गरेका थिए।

विवाद समाधानका लागि बर्दिवास नगरपालिकाले उपमेयर तारादेवी महतोको संयोजकत्वमा छानबिन समिति गठन गरेको छ। समितिलाई ९० दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ। समितिका अनुसार हाल अनुसन्धान जारी छ र प्रतिवेदनपछि मात्र आगामी निर्वाचन प्रक्रिया अघि बढाइनेछ।

यता, अध्यक्ष सेन पक्षले भने आफूहरू आधारभूत सेवा निरन्तरता दिन बाध्य भएर काम गरिरहेको दाबी गर्दै आएको छ। उनीहरूको भनाइमा कोषाध्यक्षले उपभोक्ताको हितविपरीत काम गर्न खोजेपछि समितिको निर्णयअनुसार हस्ताक्षर अधिकारबाट हटाइएको हो।

## यसरी चुलियो खानेपानी बिबाद ?

बर्दिवास साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान २०६४ मा आर्थिक कारोबारका लागि अध्यक्ष र कोषाध्यक्षको हस्ताक्षर अनिवार्य रहने व्यवस्था छ । कोषाध्यक्ष भोजबहादुर फुयाँल (शंकर) र अध्यक्ष भुलन सेनले यही व्यवस्थाअनुसार निर्वाचनपछिको पहिलो महिनाको तलब निकासा गरेका थिए । पछि तलब निकासाको चेकमा हस्ताक्षर गरेवापत संस्थाकी लेखापालसंग कोषाध्यक्षले ३ हजार मागेको उनी बताउँछिन् । कोषाध्यक्षको यही माग वारे उनले

*बाँकी पृष्ठ ३ मा*

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# घुमुवाले असुली धन्दा चलाएपछि मधेसका डीआईजी विवादमा

**खबर दर्पण समाचारदाता**
**वैशाख ९ गते, बर्दिवास**

मधेस प्रदेशका प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) गोविन्द थपलिया विवादमा तानिएका छन् ।

मधेस प्रदेश अन्तर्गत धनुषाको प्रहरी चौकी जानकीका इन्चार्ज सई सागर शमसेर जबरा र एक व्यापारीको बिचमा भएको कुराकानी सामाजिक सञ्जालमा छताछुल्ल छ । वरिष्ठ प्रहरी नायव निरीक्षक ( वरिष्ठ सई, तीनतारे) सागर शमसेर जबरासँग कुरा गर्दा ती व्यापारीले डीआईजीको नाममा आफूसँग मासिक ३ लाख र अर्का एकबाट डेढ लाख रुपैयाँ डीआईजीका घुमुवाले असुल्ने गरेको आरोप लगाएका छन् । अडियो संवादमा ती व्यापारी भन्छन्, 'मसँग जयलाल यादवले ३ लाख लिएर जान्छन्, उमेशबाट १ लाख ५० हजार ।' जयलाल यादव प्रहरीका सई हुन् । उनको दबरन्दी जिल्ला प्रहरी कार्यालय सिरहा भए पनि उनी तराईका आठ वटै जिल्लामा डुल्छन् र डीआईजीले भनेअनुसार काम गर्छन् ।

२०८२ असोज २४ मा मधेस प्रदेशमा गएका डीआईजी थपलियाले आफ्नो कार्यालयमा अर्का वरिष्ठ सई राखेका छन् । उनी हुन्, गोपाल थापामगर । मधेस प्रदेश प्रहरी कार्यालयमा कार्यरत थापा मगरले प्रदेशभर का जिल्लामा तस्करसँग मिलेर नाका सहज बनाउने र असुली धन्दा चलाउने गरेको आरोप छ । थापा मगरबारे मधेस प्रदेशमा कार्यरत एक जना प्रहरी अधिकृत भन्छन्, 'थापा मगर वरिष्ठ सई होइनन्, मधेसका एआईजी हुन् ।' उनको व्यङ्ग्यअनुसार डीआईजी थपलियाभन्दा बलिया छन् थापा मगर ।

जिल्लाका एसपीहरूलाई उनले भनेको गर्न 'बाध्य' पार्ने हैसियत थापामगरले बनाएका छन् । सामाजिक सञ्जालमा जबराको अडियो सार्वजनिक भएपछि वरिष्ठ सईद्वय जबरा, थापा मगर र सई यादवलाई प्रहरी प्रधान कार्यालयमा तानिएको छ ।

आफूविरुद्ध प्रमाण हुनेगरी अडियो कुराकानी सार्वजनिक गरेको आरोपमा डीआईजी थपलियाले वरिष्ठ सई जबरालाई निलम्बनको प्रक्रिया बढाएका छन् । मधेस प्रदेश प्रहरी कार्यालयका एसपी भेषराज रिजालले वैशाख ७ मा जबरालाई निलम्बनको प्रक्रिया सुरु गरिएको विषय प्रेस विज्ञप्ति प्रकाशन गरेर सार्वजनिक गरेका हुन् ।

जबरा र व्यापारीबिच भएको कुराकानीबारे डीआईजी थपलिया भन्छन्, 'नियोजित हिसाबले योजना बनाएर फोन गरेर रेकर्ड गरेको जस्तो देखिन्छ, त्यसबारे अनुसन्धान भइरहेको छ ।' अडियो विवरणअनुसार भारतबाट भन्सार छलेर सामान ल्याउनेहरूसँग सई जयलालले डीआईजीको नाममा रकम असुल्ने गरेको देखिन्छ ।

वरिष्ठ सई थापा मगर र सई यादवलाई घुमुवाका रूपमा परिचालन गरेर मधेसमा 'असुली धन्दा' चलाएको आरोपबारे डीआईजी थपलियाले भने, 'आरोपको पुष्ट्याँइ हुनुपर्छ ।'



मधेसमा पछिल्लो समय देखिएको 'आर्थिक विवाद'बारे प्रहरी हेड्क्वार्टरले छानबिन गरि रहेको डीआईजी थपलियाले बताए ।

### सप्तरीका एसपी पनि छानबिनमा

आचरणविपरीत अडियो सार्वजनिक भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी गौतम केसी पनि विवादमा तानिएका छन् । केसी र एक व्यक्तिबिच संवाद सार्वजनिक भएको छ ।

अडियो संवादमा उनले आफूविरुद्ध सामाजिक सञ्जालमा लेखेको भन्दै हप्काएको सुनिन्छ ।

# डीआईजीको कार्यालयमा जवानले गरे हात काट्ने प्रयास

मधेस प्रदेशका डीआईजी गोविन्द थपलियाको कार्यकक्षमा एक जना प्रहरी जवानले हात काट्ने प्रयास गरेका छन्। जानकी प्रहरी चौकीमा कार्यरत जवान रोशन यादवलाई छानबिनका लागी प्रदेश कार्यालयमा झिकाइएको थियो ।

बुधबार छानबिनको नाममा 'यातना' दिएपछि आफूले हात काट्ने प्रयास गरेको यादवले बताएका छन्। जनकपुरमा बसेर पत्रकारिता गर्ने एक जना सञ्चारकर्मीसँग जवान यादवले गरेको कुराकानीको अडियो सामाजिक सञ्जालमार्फत सार्वजनिक भएको छ ।

धनुषाको जानकी चौकीका इन्चार्ज वरिष्ठ सई सागर शमसेर जबरालाई निलम्बनको प्रक्रिया सुरु गरेपछि छानबिनको लागी जवानलाई पनि ४ दिनअघि प्रदेश कार्यालयमा झिकाइएको थियो ।

सागर शमसेर जबरा र एक जना व्यापारीको बिचमा भएको अडियो कुराकानी सामाजिक सञ्जालमा छताछुल्ल छ । वरिष्ठ प्रहरी नायव निरीक्षक (वरिष्ठ सई) सागर शमसेर ज.ब.रा. सँग कुरा गर्दा ती व्यापारीले डीआईजीको नाममा आफूसँग मासिक ३ लाख र अर्का एक जनाबाट डेढ लाख डीआईजीका घुमुवाले असुल्ने गरेको आरोप लगाएका छन् ।

अडियो संवादमा ती व्यापारी भन्छन्, 'म सँग जयलाल यादवले ३ लाख लिएर जान्छन्, उमेशकोबाट १ लाख ५० हजार ।' अडियो प्रकरणबारे छानबिन भइरहेको छ । हात काट्ने प्रयास गरेका जवानले डीआईजी थपलिया र छानबिनमा सहभागी अधिकृतहरूले 'जबरालाई बोलाउ' भन्दै टर्चर दिएको बताएका छन्।

# मुख्यमन्त्री यादवलाई पत्रकारको ज्ञापनपत्र




**खबर दर्पण समाचारदाता**
**वैशाख ९ गते, बर्दिवास**

सरकारी विज्ञापन वितरणसम्बन्धी नयाँ नीतिप्रति असन्तुष्टि जनाउँदै नेपाल पत्रकार महासंघ मधेश प्रदेशले मुख्यमन्त्री कृष्ण प्रसाद यादवलाई ज्ञापनपत्र बुझाएको छ ।

महासंघको केन्द्रीय कार्यालयको परिपत्रअनुसार प्रदेश सचिव हदिश खुद्दारको नेतृत्वमा गएको पत्रकारहरूको टोलीले मुख्यमन्त्री कार्यालय पुगेर ज्ञापनपत्र हस्तान्तरण गरेको हो ।

ज्ञापनपत्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सचिवस्तरमा जारी गरिएको परिपत्रप्रति गम्भीर आपत्ति जनाइएको छ ।

उक्त परिपत्रमार्फत संघीय मन्त्रालय, आयोग, सचिवालय तथा प्रदेश र स्थानीय तहलाई सरकारी विज्ञापन सरकारी सञ्चार माध्यममार्फत मात्रै प्रकाशन तथा प्रसारण गर्न निर्देशन दिइएको छ ।

महासंघले यसलाई प्रेस स्वतन्त्रतामाथिको अप्रत्यक्ष हस्तक्षेपको रूपमा व्याख्या गरेको छ ।

महासंघले विज्ञापन क्षेत्रमा देखिएका अनियमितता नियन्त्रण गर्ने प्रयास सकारात्मक भए पनि त्यसकै नाममा विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा सीमित गर्नु संविधान, प्रचलित कानुन, खुला बजार अर्थतन्त्र तथा संघीयताको मर्मविपरीत हुने जनाएको छ । यस्तो नीतिले निजी सञ्चार माध्यमलाई आर्थिक रूपमा कमजोर पार्दै स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना गर्ने खतरा रहेको महासंघको ठहर छ ।

ज्ञापनपत्रमा देशभर सञ्चालनमा रहेका सयौं रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन सञ्चार माध्यमको आर्थिक आधार खलबलिने र हजारौं सञ्चारकर्मीको रोजगारी संकटमा पर्ने उल्लेख गरिएको छ ।

साथै दुर्गम क्षेत्रमा सूचना प्रवाहमा महत्वपूर्ण भूमिका खेल्दै आएका स्थानीय मिडिया बन्द हुने अवस्था आए नागरिकको सूचनाको हक समेत प्रभावित हुने महासंघले चेतावनी दिएको छ ।

महासंघले विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, समावेशी र समानुपातिक बनाउन माग गर्दै संविधानविपरीतका निर्देशन कार्यान्वयन नगर्न प्रदेश तथा स्थानीय सरकारलाई आग्रह गरेको छ ।

माग सम्बोधन नभए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी पनि दिइएको छ ।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकार सधैं मिडियामैत्री रहेको बताउँदै विषयलाई मन्त्रिपरिषद्मा छलफल गरी आवश्यक निर्णय लिने आश्वासन दिए ।

ज्ञापनपत्र बुझाउने टोलीमा महासंघका केन्द्रीय सदस्य राजेश कर्ण, धनुषा अध्यक्ष पुरन साह, उपाध्यक्ष अवधेश कामत, वरिष्ठ पत्रकार रामभरत साह, कैलास दास, प्रविण साह, अर्जुन मण्डल, नवीन सिंह र भगलु मण्डललगायत सहभागी थिए ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिवास साना सहरी खानेपानी तथा सरसफाई ..............

कार्यसमितिलाई जानकारी गराइन र विवादको सुरुवात भयो ।

आफूले ३ हजार मागेको कुरा सार्वजनिक गरेकाले ती लेखापाललाई नहटाएसम्म आफू कार्यालय नआउने कोषाध्यक्षले अड्डी लिएको अध्यक्ष सेनको भनाई छ। तर, कोषाध्यक्ष फुयाँल भने लेखापालको नियुक्ति नै अवैधानिक भएकाले हटाउन भनेको बताउँछन् । कमिसन मागेको भन्ने कुरा फत्तुर रहेको उनको भनाई छ । कोषाध्यक्ष कार्यालय नआउने र चेकमा हस्ताक्षर नगर्ने भएकाले त्यतिवेला तलब खान नपाएर कर्मचारीमा हाहाकार मच्चिएकाले आफूले वाध्य भएर विधान संशोधनका लागि उपभोक्ता भेला बोलाएको सेनले बताए ।

'तीन महिनासम्म कर्मचारीले तलब खान नपाएपछि उपभोक्ता भेलाले विधान संशोधन गरेको हो। अध्यक्ष र कोषाध्यक्ष बाहेक आर्थिक कारोबारमा एक जना कार्यसमिति सदस्य र लेखापालको हस्ताक्षर पनि समावेश गरी अध्यक्ष अनिवार्यसहित अन्यमा कुनै एकको हस्ताक्षर रहने भन्ने व्यवस्थासहितको विधान संशोधन गरिएको हो ।'

यसअघि तत्कालिन अध्यक्ष भोला खड्काकै पालामा भएको अनियमितता छानविन गर्न सुरेश राउतको संयोजकत्वमा बनेको समितिले समेत अध्यक्ष र कोषाध्यक्ष दुवै जनाको हस्ताक्षर अनिवार्य गरिदाँ यदाकदा कार्यालयको दैनिक कामकाजमा वाधा हुने भएकाले कार्यसमितिको निर्णयले एक जना थप गरी कुनै दुई जनाको हस्ताक्षरमा आर्थिक कारोवार गर्न सुझाव दिएको कुरालाईसमेत मध्यनजर गर्दै विधान संशोधन गरिएको अध्यक्ष सेन बताउँछन् ।

अध्यक्ष सेन भन्छन् 'हामीले उहाँलाई पदबाट निलम्वन गरेका छैनौं र उहाँको हस्ताक्षर नचल्ने पनि बनाएका छैनौं । अन्य दुई जना थप गरी अध्यक्ष अनिवार्य सहित कुनै दुई जनाको हस्ताक्षरमा आर्थिक कारोवार चल्ने व्यवस्था मिलाएका हौं ।'

विधान संशोधन गरी आफ्नो हस्ताक्षर अनिवार्य भएका ठाउँमा श्वेच्छिक बनाइएपछि कोषाध्यक्ष फुयाँल थप चिढिएको पाइएको छ । उनले अवैध ढंगले विधान संशोधन गरी आफूलाई उपभोक्ताले दिएको अधिकारबाट बञ्चित गरेको बताउँदै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए ।

जिल्ला प्रशासन कार्यालयले कोषाध्यक्ष फुयाँलको पक्षमा निर्णय गर्दै २०६४ कै विधानअनुसार कामकाज गर्ने व्यवस्था मिलाउन बर्दिवास नगर पालिकालाई पत्राचार गरेको थियो । बर्दिवास नगरपालिकाले पनि सोहीअनुसारको पत्र खानेपानी कार्यालयमा पठाएको थियो ।




तर, जिल्ला प्रशासनको सो निर्णयको बेवास्ता गर्दै खानेपानी संस्था संशोधित विधानअनुसार चलेकाले फुयाँल उच्च अदालत जनकपुरमा रिट दायर गर्न पुगेका थिए । उच्च अदालत जनकपुरले पहिलो सुनुवाईमै फुयाँलको रिट खारेज हुने ठहर गरेकाले संशोधित विधानअनुसार संस्थालाई कामकाज गर्न बाटो खुला भयो । पछि उच्च अदालतको पूर्णपाठमा यस सम्बन्धी जिल्ला प्रशासन कार्यालय महोत्तरीले गरेको निर्णय नै सहि भन्दै नियामक निकाय जिप्रका नै भएकोले दोहोरो निर्णय गरिनु नरहनु नपर्ने भनि रिट खारेज गरिएको र जिप्रकाको दिएको आदेश अनुसार नै गर्न भनिएको उल्लेख छ।

यता संस्थाले संशोधित विधानलाई बर्दिवास नगर पालिकामा दर्ता नवीकरण गरी आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरिसकेको छ । संस्थाले आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गराएर ६ लाखबढी राजश्व समेत दाखिला गरेको पाइएको छ। सो लेखा परीक्षण प्रतिवेदनले अध्यक्ष र कोषाध्यक्षको संयुक्त नाममा डेढ लाखबढी बेरुजु देखाएको छ। सो रकमको ५०० बोरा सिमेन्ट खरिद गरेको बिल पेश गरिए पनि सो सिमेन्ट कहाँ प्रयोग भयो ? भन्ने नदेखिदा लेखा परीक्षकले बेरुजु उल्लेख गरेका छन् ।

अध्यक्ष सेनले आफू उपभोक्ताले दिएको जिम्मेवारीबाट जस्तो सुकै अप्ठ्यारा परस्थिती आए पनि पछि नहट्ने र संस्थालाई स्वचालित र व्यवस्थित बनाउन कुनै कसर बाँकीव नराख्ने बताए।

यता विवाद समाधानको लागि गठित समिति सदस्य सजिता बस्नेतका अनुसार हाल छानबिन प्रक्रिया जारी नै छ र प्रतिवेदनपछि मात्र आगामी संस्थाको नयाँ समिति चयनको लागि निर्वाचनको मिति तय गरिनेछ ।







शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,
- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प
- फलेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# गौशाला नगरपालिकामा शिक्षा-स्वास्थ्य सेवा पूर्ववत जस्तै ६ दिन सञ्चालन हुने

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**वैशाख ९ गते, महोत्तरी**

महोत्तरीको गौशाला नगरपालिकाले संघीय सरकारको दुई दिन सार्वजनिक बिदा दिने निर्णयलाई स्थानीय आवश्यकता अनुसार परिमार्जन गर्दै विद्यालय तथा स्वास्थ्य संस्थाहरू साताको ६ दिन सञ्चालन गर्ने निर्णय गरेको छ।

बुधबार बसेको नगर कार्यपालिकाको बैठकले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवामा प्रत्यक्ष असर पर्ने निष्कर्षसहित आइतबारसमेत सेवा सञ्चालन गर्ने व्यवस्था मिलाएको नगर प्रमुख डा. दिपेन्द्र महतोले जानकारी दिए। यसअनुसार नगर पालिकाअन्तर्गतका विद्यालय र स्वास्थ्य संस्थाहरू अब शनिबार बाहेक अन्य दिन पूर्ववत जस्तै नियमित रूपमा सञ्चालन हुनेछन्।

संघीय सरकारले शनिबार र आइतबार सार्वजनिक बिदा दिने तथा सरकारी कार्यालय पाँच दिन मात्र सञ्चालन गर्ने निर्णय गरे पनि स्थानीय तहले आफ्नो अधिकारक्षेत्र प्रयोग गर्दै सेवा प्रवाहमा निरन्तरता दिने निर्णय गरेको हो। नगर प्रमुख महतोले शिक्षा र स्वास्थ्य क्षेत्र दुई दिन बन्द हुँदा नागरिकले प्रत्यक्ष असर भोग्नुपर्ने बताए। उनको अनुसार विद्यालयमा पठनपाठनको निरन्तरता खण्डित हुने र स्वास्थ्य संस्थाहरू बन्द हुँदा बिरामीले समयमै उपचार नपाउने जोखिम बढ्ने भएकाले यस्तो निर्णय गरिएको हो।

उनले ग्रामीण तथा नगर क्षेत्रका नागरिक दैनिक स्वास्थ्य सेवामा निर्भर रहने भएकाले सेवा अवरुद्ध हुँदा थप जटिलता निम्तिन सक्ने उल्लेख गरे। "शिक्षा र स्वास्थ्य आधारभूत सेवा भएकाले यसमा अवरोध आउन नदिनु स्थानीय सरकारको दायित्व हो," उनलेल भने।

नगर कार्यपालिकाको निर्णयअनुसार वैशाख १० देखि १४ गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गरिनेछ भने वैशाख १५ गतेदेखि नियमित कक्षा सञ्चालन हुने जनाइएको छ। साथै विद्यालय सुधार




योजना निर्माण, शिक्षकको पेशागत क्षमता विकास तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्ने कार्यक्रमसमेत सञ्चालन गरिनेछ।

यसैबीच, नगर पालिकाअन्तर्गतका स्वास्थ्य संस्थाहरूलाई पनि साताको ६ दिन सञ्चालन गरी अत्यावश्यक सेवा निरन्तर उपलब्ध गराइने जनाइएको छ। नागरिकलाई समयमै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले यस्तो व्यवस्था गरिएको नगरपालिकाले स्पष्ट पारेको छ।

नगरपालिकाले संविधान २०७२ ले प्रत्याभूत गरेको शिक्षा तथा स्वास्थ्यसम्बन्धी मौलिक हक र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही उक्त निर्णय गरिएको जनाएको छ। यसबाट स्थानीय स्तरमा सेवा प्रवाहको पहुँच, गुणस्तर र निरन्तरता कायम रहने विश्वास लिइएको छ।

**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं।

**मटिहानी नगरपालिका, महोत्तरी**

**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौ / गराऔं।

**गौशाला नगरपालिका, महोत्तरी**

योग एक प्राचीन अभ्यास हो। यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ।

योगका फाइदाहरू
- शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
- मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
- निद्रा सुधार गर्छ
- ध्यान केन्द्रित गर्न सहयोग गर्छ

ध्यान दिनुपर्ने कुराहरू
- खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
- शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
- दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
- नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
- सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
- यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा, जनकपुरधाम

मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,